त्रिभुवन विश्वविद्यालय
# मनोविज्ञान केन्द्रीय विभाग
त्रिवि, कीर्तिपुर

पत्र संख्या :
चलानी नं.:

मिति : २०८२/१२/२०

**विषय : जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिका लागि आवेदन दिने समय थप सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यस विभागमा त्रिवि छात्रवृत्ति र पुरस्कार तथा पदक सम्बन्धी कार्यनिर्देशिका-२०७१ बमोजिम योग्यताक्रमका आधारमा प्रदान गरिने जेहेन्दार तथा निःशुल्क छात्रवृत्तिको लागि प्रथम सेमेस्टरमा अध्ययनरत नियमित विद्यार्थीहरुलाई आफुले अध्ययन गरेको एसईईदेखि स्नातकसम्मको शैक्षिक योग्यताको प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्र समावेश गरी चैत्र मसान्तसम्म विभागको प्रशासन शाखामा आवेदन दिनुहुन सूचित गरिन्छ ।

यसैगरी स्नातकोत्तर तह दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको लागि अघिल्लो सेमेस्टरमा उत्तीर्ण गरेको मार्कसिट, एसएलसीदेखि स्नातक तहसम्मको प्रमाणपत्रहरु तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखी चैत्र मसान्तभित्र विभागको प्रशासन शाखामा निवेदन दर्ता गर्नुहुन सम्बन्धित सम्पूर्ण विद्यार्थीहरुलाई म्याद थप गरी यो सूचना प्रकाशित गरिएको छ ।

यसैगरी चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुको लागि तेस्रो सेमेस्टरमा उत्तीर्ण गरेको मार्कसिट, एसएलसीदेखि स्नातक तहसम्मको प्रमाणपत्रहरु तथा नागरिकताको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न राखी चैत्र मसान्तभित्र विभागको प्रशासन शाखामा निवेदन दर्ता गर्नुहुन म्याद थप गरी यो सूचना प्रकाशित गरिएको छ । हाल दोस्रो सेमेस्टरको परीक्षा दिइसकेका विद्यार्थीहरुले परीक्षाफल प्रकाशित हुन बाँकी रहेकोले परीक्षाफल प्रकाशित भएपछि दोस्रो सेमेस्टरको मार्कसिट समेत समावेश गरी आवेदन दिन पाउने गरी अर्को सूचना प्रकाशित गरिनेछ ।

योग्यताक्रमका शर्तहरु :

१. निःशुल्क छात्रवृत्तिका लागि सार्बजनिक विद्यालयबाट एसएलसी र त्रिवि अन्तरगतका आँगिक क्याम्पस वा सामुदायिक क्याम्पसबाट स्नातक गरेको प्रमाणपत्र पेश गर्ने ।

२. त्रिविका शिक्षक कर्मचारीका छोराछोरी भएमा सम्बन्धित निकायको सिफारिसपत्रसाथ एसएलसी र स्नातक तहको प्रमाणपत्रहरु पेश गर्ने ।

३. प्रथम सेमेस्टर उत्तीर्ण विद्यार्थीहरुले स्नातक तहसम्मको प्रमाणपत्रहरु पेश गर्नुपर्ने र चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरुले तेस्रो सेमेस्टर उत्तीर्ण गरेको मार्कसिटको प्रतिलिपी संलग्न गर्नुपर्ने ।

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने ।

६. विभागले दिएको आधिकारिक इमेल ठेगानाबाट माथि उल्लेखित सम्पूर्ण कागजातको पिडिएफ फायल संलग्न गरी info@cdpsy.tu.edu.np मा अनलाइनबाट समेत निवेदन पेश गर्न सकिनेछ ।

..................
उपप्रा. सञ्जेश श्रेष्ठ
विभागीय प्रमुख

प्रमुख
मनोविज्ञान केन्द्रीय विभाग